# मलंगवा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः... ६ संख्याः...६ मितिः २०७९।०९।२९

**भाग-२**

**मलंगवा नगरपालिका**

**सर्लाही, मधेस प्रदेश, नेपाल**

## वेवारिसे शिशु व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९

**(नवौं नगरसभा २०७९।०९।२९ बाट स्वीकृत)**

# वेवारिसे शिशु व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९

नगरसभावाट पारित र लागु मिति २०७९।०९।२९

**प्रस्तावना :**

बालबालिका सम्बन्धी ऐन,२०७५ को परिच्छेद ५ को दफा ४८ को उपदफा १ को खण्ड (ख) र दफा ४९ को उपदफा (२) दिएको अधिकार तथा मुलुकी ऐन संहिता, २०७४ को परिच्छेद ४, ५, ६, ७ र ८ मा उल्लेख भएका व्यहोराहरुलाई समेत ध्यान दिँदै स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा (२) को प्रयोग गरी मलंगवा नगरपालिकाले वेवारिसे शिशु व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ नगरसभाबाट स्वीकृत गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम वेवारिसे नवजात शिशु व्यवथापन सम्बन्धी कार्यविधि,२०७९ रहने छ ।

(२) यो कार्यविधि मलंगवा नगरपलिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

(३) वेवारिसे शिशु एकिन सम्वन्धमा कुनै पनि सामुदायिक संस्था वा अस्पतालबाट वेवारिसे भनी सिफारिस गरिएको हुनुपर्ने ।

**२. परिभाषा**

(१) वेवारिसे भन्नाले कुनै पनि सामुदायिक संस्था वा अस्पतालबाट वेवारिसे भनी सिफारिस गरिएको नाबालक वा शिशुलाई मानिनेछ ।

(२) समिति भन्नाले वेवारिसे शिशु व्यवस्थापन गर्न गठित स्थानीय व्यवस्थापन समितिलाई मानिनेछ ।

(३) अभिभावक भन्नाले बच्चाको जन्म दिने बाबुआमा वा लालनपलनको जिम्मा लिने एकाघरका व्यक्तिलाई मानिनेछ ।

(४) संरक्षक अभिभावक भन्नाले बच्चाको लालनपलनको जिम्मा लिने वा धर्मपुत्र धर्मपुत्रीका रुपमा ग्रहण गर्ने व्यक्तिलाई मानिनेछ ।

**३. वेवारिसे नवजात शिशु व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ को उद्देश्य देहाय बमोजिम हुने छ ।**

(१). अस्पताल वा सार्वजनिक स्थलमा अलपत्र अवस्थामा छाडिएका वा आमा बाबु फेला नपरेका वेवारिसे नवजात शिशुलाई तत्कालिन व्यवस्थापन गर्ने ।

(२) बैकल्पिक हेरचाहको व्यवस्था मिलाउने ।

(३) नवजात शिशु वा नागरिकको आमा बाबु वा नजिकको नातेदारको खोजी गरी जिम्मा लगाउने ।

(४) नवजात शिशु वा नागरिकको हेरचाह र भरणपोषणको लागि इच्छुक नेपाली परिवार वा व्यक्तिको पहिचान गरी जिम्मा लगाउने ।

(५) परिवारमा आधारित हेरचाह गर्ने संस्था वा बाल गृहको खोजी गरी नवजात शिशुलाई व्यवस्थापन गर्ने ।

(६) व्यक्ति वा नागरिकको उचित हेरचाहकोृ प्रवन्ध मिलाउन

**४. यस कार्यविधिको सिद्धान्त देहाय बमोजिम हुनेछ ।**

(१) बाँच्न पाउने हकको संरक्षण ।

(२) नवजात शिशुको सर्वोत्तम हित ।

(३) गोपनियता हक ।

(४) विभेदरहित बालमैत्री व्यवहार ।

(५) सहभागिता र समन्वय ।

**५. वेवारिसे शिशु व्यवस्थापन गर्न स्थानीय व्यवस्थापन समिति गठन गरिने छ ।**

| | |
|---|---|
| क. नगरपालिकाको प्रमुख | संयोजक |
| ख. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग. जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि | सदस्य |
| घ. जिल्ला न्यायाधिवक्ता कार्यालयको प्रतिनिधि | सदस्य |
| ड. स्थानीय प्रहरी कार्यालयका अधिकृत प्रतिनिधि | सदस्य |
| च. प्रादेशिक अस्पतालका प्रमुख | सदस्य |
| छ..स्थानीय बाल संगठन सभापति | सदस्य |
| ज. सामाजिक विकास समितिका सदस्यहरू मध्येबाट नगर प्रमुखले तोकेको १ जना | सदस्य |
| झ नगर बालबालकल्याण अधिकारी वा महिला तथा वालवालिका शाखा प्रमुख | सदस्य सचिव |

**६. वेवारिसे नवजात शिशु व्यवस्थापनका लागि देहाय अनुसारका कार्य गर्नसक्ने छ ।**

(१) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बच्चाहरूको तथ्यांक संकलन गर्ने ।

(२) वेवारिसे नवजात शिशुलाई धर्मपुत्र वा धर्मपुत्री लिन चाहने नेपाली नागरिक व्यक्ति वा परिवारको सूचि तयार गर्ने ।

(३) बेवारिसे बच्चा वा नागरिक फेला परेमा निजको आमा बुबाको वा नजिकको नातेदारको खोजी गर्ने ।

(४) बेवारिसे बच्चा फेला परेमा दाबीको लागि १५ दिने सूचना जारी गर्ने ।

(५) बच्चाको लागि दाबी गर्न प्रकाशित सूचना अवधि भित्र कसैले दाबी गर्न नआएमा धर्मपुत्र र धर्मपुत्रीको रुपमा लिन चाहने इच्छुक नेपाली नागरिक वा परिवारको लागि नगरपालिकाले पूनः १५ दिने सूचना जारी गर्नुपर्नेछ ।

(६) तयार भएका सूचि अनुसार वेवारिसे बच्चाको उच्चतम भरणपोषण, शिक्षा, स्वास्थ्य र सम्पत्ति माथिको अधिकारका लागि गहनता र सजकता अपनाई व्यवस्थापन गर्ने ।

(७) धर्मपुत्र वा धर्मपुत्रीको रुपमा लिन चाहने अभिभावकले बच्चाको नामाकरण र जन्म दर्ता ३ (तीन) दिन भित्र गरी सम्बन्धित निकायमा जानकारी गराउने ।

(८) नगरपालिका र अभिभावक वा इच्छुक व्यक्ति/परिवारको प्रतिनिधिका बीचमा करार सम्झौता गरी अभिलेख राख्ने ।

(९) नगरपालिका क्षेत्रमा बेवारिसे बच्चा फेलापरेमा आवश्यकता अनुसार उचित हेरचाहका लागि नजिकको स्वास्थ्य संस्थामा अनुरोध गर्ने ।

**८. वेवारिसे शिशु व्यवस्थापन गर्ने**

समितिले देहायको प्रक्रिया अपनाइ वेवारिसे शिशु व्यवस्थापन गर्नु पर्नेछ :

(१) समितिको बैठकबाट अनुसूची १ अनुसार वेवारिसे शिशु माथि दाबी गर्न सक्ने व्यक्ति, परिवार वा नजिकको नातेदारबाट १५ दिन भित्र रु. एकहजार दस्तुरसहित निवेदन दिन सक्ने गरी सार्वजनिक आब्हान गर्नेछ ।

(२) सो समयभित्र विधिपूर्वक आवेदन प्राप्त भएमा आवश्यक जाँचबुझ गरी अनुसूची ३ बमोजिम सम्झौता गरी बच्चाको जिम्मा लगाउन सक्नेछ ।

(३) उल्लिखित मितिभित्र **वेवारिसे शिशु माथि दाबी गर्न सक्ने व्यक्ति, परिवार वा नजिकको नातेदारबाट हक दावी गर्न निवेदन प्राप्त नभएमा** समितिको बैठकबाट अनुसूची २ अनुसार **वेवारिसे शिशु लिन चाहने ईच्छुक व्यक्ति वा**

**परिवारबाट** १५ दिन भित्र संरक्षक अभिभावक बन्न रु. पाँचहजार दस्तुरसहित निवेदन दिन सक्नेगरी सार्वजनिक आव्हान गर्नेछ ।

(४) सो समयभित्र इच्छुक व्यक्ति वा परिवारबाट विधिपूर्वक आवेदन प्राप्त भएमा समितिले आवश्यक जाँचबुझ गरी अनुसूची ३ बमोजिम सम्झौता गरी बच्चाको जिम्मा लगाउन सक्नेछ ।

(५) तोकिएको मितिभित्र कसैको निवेदन प्राप्त नभएमा पुनः समितिको बैठकबाट थप ७ (सात) दिनको समय दिई सार्वजनिक आव्हान गर्नु पर्नेछ ।

(६). यसरी पुनः प्रकाशित आब्हानको अवधिभित्रमा पनि कसैको निवेदन प्राप्त नभएमा समितिले प्रदेश सरकार वा संघीय सरकार सम्बद्ध निकायमा लालन पालनका लागि सिफारिस सहित पठाउन सक्नेछ ।

(७) यसरी बच्चा लालनपालनका लागि जिम्मा लिने अभिभावक वा संरक्षक अभिभावकले यस पूर्व निजको लालनपालन गर्दा लागेको व्यक्तिगत वा संस्थागत न्युनतम खर्च व्यहोर्नु पर्नेछ ।

(८) बच्चा लालनपालनका लागि जिम्मा लिने संरक्षक अभिभावक छनौट गर्दा बच्चाको हेरचाह गर्न सक्षम र इच्छुक निःसन्तान परिवारलाई प्राथमिकता दिइने छ ।

(९) संरक्षक अभिभावकका हकमा समितिले बाह्र वर्षपछि फिर्ता हुन सक्ने गरी बढीमा रु दश लाखसम्म धरौटी रकम तोकी नगरपालिकामा जम्मा गर्न लगाउन सक्नेछ ।

## ९. बाधा अड्काउ फुकाउ

(१) यस कार्यविधिमा उल्लेख भए अनुसारका काममा द्विविधा वा बाधा उत्पन्न भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**अनुसूची १**

**वेवारिसे शिशु माथि दाबी गर्न सक्ने व्यक्ति, परिवार वा नजिकको नातेदारलै दिने निवेदन**

श्री नगर प्रमुखज्यू,
मलंगवा नगरकार्यपालिका, मलंगवा सर्लाही ।
महोदय

प्रस्तुत विषयमा मलंगवा नगरपालिका क्षेत्रको स्थानमा मिति २०.... मा फेला परेको/ वेवारिस भएको बच्चालाई जिल्ला ....... .गा.पा./न.पा ....... वडा ...... गाउँ/टोल........... बस्ने श्री........... को नाति/नातिनी श्री ...........................को छोरा/छोरी............वर्षको म श्री..............लाई घरायसी समस्या वा अन्य समस्याले गर्दा तत्काल बच्चा छोडेको हुँदा तपसिलको कागजात वा प्रमाणको आधारमा मेरो बच्चा हो भनी रु.१,००० (अक्षरेपी रु. एक हजार) मात्र (फिर्ता नहुने गरी) नगरपालकिा दस्तुरसहित दाबी गर्न चाहन्छु ।

**तपसिल**

**दाबी गर्ने आधार वा प्रमाणहरू :**

१. दाबी गर्ने व्यक्तिको नागरिक्ताको प्रतिलिपि
२ .विवाह दर्ताको प्रमाण
३. तीन पुस्ते व्यक्तिको नागरिक्ताको प्रतिलिपि
४. वडा वा प्रहरीको रोहवरमा गरेको सरजमिन मूचूल्का
५. आमा र बच्चा दुबैको मेडिकल डि.एन.ए. परिक्षणको रिपोर्ट ( सरकारी अस्पताल )
६. बच्चाको नजिकको नातेदारको हकमा नाता खुल्ने प्रमाणहरू
७. बच्चाको आमाको हकमा गर्भवती अवस्थामा गर्भ जाँचको पूर्जा वा अन्य प्रमाण
८. आवश्यक अन्य विवरणहरू ।

**निवेदकको नाम थर र ठेगाना**

जिल्ला ......... गा.पा./न.पा. ........... वडा. ..... गाउँ/टोल...........बस्ने......... नाति/नातिनी............छोरा/छोरी............वर्षको श्री................................. ।

मैले माथि लेखिएको व्यहोरा ठीक साँचो हो । झुठो ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

| | |
|---|---|
| निवेदकको दस्तखत : | निवेदकको दस्तखत : |
| मिति : | मिति : |
| औंठा छाप | औंठा छाप |

| दायाँ | बायाँ | दायाँ | बायाँ |
|---|---|---|---|
| | | | |

# अनुसूची २

## वेवारिसे शिशु लिन चाहने ईच्छुक व्यक्ति वा परिवारले मलंगवा नगरपालिकामा दिने निवेदन

श्री नगर प्रमुखज्यू,
मलंगवा नगरकार्यपालिका, मलंगवा सर्लाही ।
महोदय

प्रस्तुत विषयमा मलंगवा नगरपालिका क्षेत्रको ........स्थानमा मिति २०.... मा फेला परेको/वेवारिस भएको बच्चा जिल्ला ..... .गा.पा./न.पा ........ वडा ...... गाउँ/ टोल..... बस्ने श्री....... को नाति/नातिनी श्री...............को छोरा/छोरी............वर्षको म श्री................. लाई सो बालक बालिकालाई मेरो/हाम्रो राजी खुशीले धर्मपुत्र/धर्मपुत्रीको रुपमा ग्रहण गरी आफ्नौ गच्छेअनुसार पालनपौषण गर्न इच्छा भएकालै तपसिलअनुसारका कागजात/प्रमाणसहित नगरपालिकाको दस्तुर रु.५,००० (अक्षरेपी रु. पाँचहजार) मात्र (फिर्ता नहुने गरी) सहित नवेदन पेश गरेको छु/छौं ।

**तपसिल**

१. नेपाली नागरिकता तीन पुस्ते खुल्ने प्रमाण हा ।
२. सन्तान नभएको खुल्ने प्रमाण (वडाको सिफारीस र मेडिकल रिपोर्ट)
३. विवाह दर्ता प्रमाणपत्र
४. भविष्यमा बच्चा जन्मन सक्ने वा नसक्ने सो को मेडिकल प्रमाण
५. घरपरिवारको पारिवारिक विवरण
६. बाल बच्चा लालन पालन गर्ने पारिवारिक सहमतिको लिखत (नोटरी पब्लिकबाट प्रमाणित)
७. परिवारमा आमा, बुबा, दाजु भाई, दिदिबहिनी, बाजेबाजै वा अन्य सदस्यको मंजुरनामा (आफू बस्ने वडाको वडा अध्यक्ष र सचिवको रोहवरमा गरिएको) ।
८. बच्चा बालिक नभइन्जेलसम्म सम्पत्ती माथिको हक सुरक्षित रहन स्थानीय अदालतमा १ हाप्तभित्र प्रकिया प्रारम्भ गर्ने प्रतिवद्धता पत्र ।
९. सम्पत्तीको विवरण (खेतवारी, घर घडेरीको लालपूर्जा, ऋृण, लगानी, व्यापार, वित्तीय कारोवार, शेयर र चल अचल सम्पत्तीको विवरण) ।
१० आफ्ना सन्तान भएर पनि धर्मपुत्र धर्मपुत्री ग्रहण गर्न चाहनेका हकमा उपयुक्त कारण र थप लिखित प्रतिवद्धता पत्र ।

माथि लेखिएको व्यहोरा ठीक साँचो हो । झुठो ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

११. आवश्यक अन्य विवरणहरू ।

निवेदकको नाम थर : निवेदकको पति/पत्नी वा एकाघरका सदस्यको नाम थर
दस्तखत : दस्तखत :
मिति : मिति :

औंठा छाप औंठा छाप

| दायाँ | बायाँ | दायाँ | बायाँ |
|---|---|---|---|
| | | | |

## अनुसूची ३
## मलंगवा नगरपालिका र अभिभावक बीचको सम्झौता पत्र

यो सम्झौता मलंगवा नगरपालिकाको कार्यालय मलंगवा, सर्लाही (प्रथम पक्ष) र वेवारिसे नवजात शिशुका अभिभावक वा संरक्षक अभिभावक श्री ............ (दोस्रो पक्ष) बीच वेवारिसे नवजात शिशुको भरणपोषण, शिक्षा, स्वास्थ्य, सम्पति माथिको अधिकार र बालबालिका सम्बन्धी ऐन, २०७५ को परिच्छेद-२ ले प्रदान गरेको बालबालिका सम्बन्धी अधिकार प्राप्त हुने गरी मलंगवा नगरपालिकाको वेवारिसे शिशु व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ अनुसार दुवै पक्ष सहमत भएकाले यो सम्झौता गरिएको छ ।

**सम्झौताको शर्तहरू :**

१. दोस्रो पक्षले बच्चाको भरणपोषण, शिक्षा, स्वास्थ्य, सम्पति माथिको अधिकार लगायत बालबालिका सम्बन्धि ऐन, २०७५ को अधिनमा रही बच्चाको पालनपोषण गर्नुपर्नेछ ।

२. दोस्रो पक्षले बच्चाको हेरचाह, पालनपोषण र वृत्तिविकासमा घरपरिवारका अन्य सदस्यहरूले सम्मान व्यवहार गर्नुपर्ने दायित्व हुन्छ ।

३. दोस्रो पक्षले बच्चाको हेरचाह, पालनपोषण, संरक्षण, शिक्षा, स्वास्थ्य, उपचार र व्यक्तित्व विकासका अवसरहरू उपलब्ध गराउनुको साथै मायाममता पूर्ण वातावरण दिनुपर्छ ।

४. दोस्रो पक्षले आफ्नै बच्चा सरह बुबाआमा वा परिवारबाट पाउनु पर्ने मायाममता दिनुपर्ने हुन्छ । साथै बच्चालाई शारीरिक वा मानसिक विकासमा असर नपर्ने गरि श्रम गराउनु हुँदैन ।

५. दोस्रो पक्षले ६ वर्ष नपुगेको बच्चालाई घर वा अन्य स्थानमा एक्लै छाड्न वा अन्यत्र पठाउन हुँदैन

६. दोस्रो पक्षले बच्चालाई राज्यले प्रदान गरेको सूचनाको हक भन्दा टाढा राख्नु हुँदैन ।

७. दोस्रो पक्षले बच्चाप्रति बौद्धिक विकासको स्तर, अवस्था र सांस्कृतिक मूल्यमान्यता अनुरुपको बोलीबचन र व्यवहार गर्नुपर्छ ।

८. दोस्रो पक्षबाट कुनै किसिमको यातना, पिडा वा हिंसा भएमा पहिलो पक्षले त्यस्ता व्यक्ति वा परिवारलाई कानुन बमोजिम सजाय दिलाउन पछि हट्ने छैन् ।

९ दोस्रो पक्ष लैङ्गिक विभेद रहित परिवार हुनु पर्छ ।

१० बच्चाको हक अधिकार मा बच्चाको इच्छा विपरित कुनै पनि कार्य दोस्रो पक्षले गर्न पाउने छैन ।

११ बाल कल्याण र वाल संरक्षणको सम्बन्धमा राज्यले प्रदान गर्ने सम्पुर्ण सेवा सुविधा दोस्रो पक्षले बच्चालाई (धर्मपुत्र) दिनु पर्ने हुन्छ ।

१२ यो सम्झौतामा उल्लेख नभएका अन्य कुराहरू बच्चाको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

१३ यो सम्झौता मिति ...................... देखि बच्चा बालिक नभए सम्म कायम रहनेछ ।

१४ यो सम्झौता पत्र दुवै पक्षले हस्ताक्षर गरेको मिति देखि नै लागु हुनेछ ।

| **पहिलो पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| मलंगवा न.पा.को तर्फवाट | धर्मपुत्रको रुपमा लिन चाहने इच्छुक व्यक्ति वा परिवार |
| नाम : | नाम : |
| पद : | पद : |
| हस्ताक्षर : | हस्ताक्षरः |
| रोहवर | रोहवर व्यक्ति वा संस्था |
| नाम : | नाम : |
| पद : | पद :(संस्था) : |
| हस्ताक्षर : | हस्ताक्षरः |

मितिः

आज्ञाले,

**गेहनाथ गौतम**

**प्रमुख प्रशासकीय अधिकृत**